आज मिति २०८१/०९/१४ गते यस मल्लरानी गाउँ कार्यपालिकाको आ.व २०८१/०८२ को नवौं बैठक गाउँपालिका अध्यक्ष श्री कृष्ण बहादुर खड्का ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा बसी देहाएका एजेन्डाहरुमा छलफल तथा निर्णय गरियो ।

तपसिल

| क.सं | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | कृष्ण बहादुर खड्का | गा पा अध्यक्ष | |
| २. | रमेश कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष | |
| ३. | चिन्ता बहादुर राईं | अध्यक्ष वडा नं १ | |
| ४. | लेख बहादुर थापा | अध्यक्ष वडा नं २ | |
| ५. | नोमराज पौडेल | अध्यक्ष वडा नं ३ | |
| ६. | कुमार श्रेष्ठ | अध्यक्ष वडा नं ४ | |
| ७. | गोपाल बहादुर थापा | अध्यक्ष वडा नं ५ | |
| ८. | सुर्य वहादुर सार्की | कार्यपालिका सदस्य | |
| ९. | तेजमान दमाई | कार्यपालिका सदस्य | |
| १०. | सिता पुन | कार्यपालिका सदस्य | |
| ११. | सुमित्रा वि.क. | कार्यपालिका सदस्य | |
| १२. | उजेली वि.क. | कार्यपालिका सदस्य | |
| १३. | हिमा कुमारी बुढाथोकी क्षेत्री | कार्यपालिका सदस्य | हिमा |
| १४. | बाबुराम न्यौपाने | सचिव | |
| | | **आमन्त्रित** | |
| १५. | अनिल आचार्य | अ.छैठौं | |
| १६. | जितेन्द्र ब कार्की | ईन्जिनियर | |
| १७. | वन्दना शाक्य | अधिकृत छैठौं | |
| १८ | प्रज्वल राई | परामर्शदाता | |

बैठक संख्या: ९

मिति: २०८१/०९/१४ गते,आईतवार

**मिति: २०८१/०९/०८ गतेको आठौं गाउँकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**प्रस्ताव नं १** मल्लरानी गाउँपालिकाको सडक गुरुयोजनाको प्रारम्भिक प्रतिवेदन माथि छलफल सम्वन्धमा।

**निर्णय नं १** प्रस्ताव नं १ माथि छलफल गर्दा यस मल्लरानी गाउँपालिकाको आ.व २०८१/०८२ को बार्षिक स्वीकृत कार्यक्रममा पुँजिगत अनुसन्धान तथा परामर्श बाट गाउँपालिकाको यातायात गुरु योजना निर्माणका लागि प्रस्तावना माग भई यातायात गरुयोजना तयार गरिएकोमा प्राप्त प्रारम्भिक प्रतिवेदनमाथि छलफल गरियो र आवश्यक सुझाव दिईयो ।प्राप्त सुझाव वमोजिम यातायात गुरु योजनाको अन्तिम प्रतिवेदन तयार गरि तोकिएको समय भित्र पेश गर्न अनुरोध गर्ने ।

**प्रस्ताव नं २** गाउँसभा र गाउँकार्यपालिका बैठक सम्वन्धमा ।

**निर्णय नं २** यस मल्लरानी गाउँपालिकाको हिउँदे गाउँसभा मिति २०८१ पौष २८ र २९ गते जिल्ला समन्वय समितिको सभाहलमा गर्ने । साथै गाउँकार्यपालिकाको १०औं बैठक मिति २०८१ पौष २२ गते मल्लरानी गाउँपालिकाको कार्यालयमा बस्ने ।

**प्रस्ताव नं ३** योजना माग सम्वन्धमा ।

**निर्णय नं ३** प्रस्ताव नं २ माथि छलफल गर्दा श्री संघीय तथा सामान्य प्रशासन मन्त्रालय को च.नं ४२२ मिति २०८१/०३/०५ गतेको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना अन्तर्गत प्रस्तावना पेश गर्ने सम्वन्धी सूचना वमोजिम यस मल्लरानी गाउँपालिकाको वडा नं ३ मा रहेको सिर्सेगैरा-मुनडाँडा-चुजाठाटी-चौरपानी-धरमपानी कृषि सडकको विस्तृत परियोजना प्रतिवेदन तयार भएको र वडा नं ३ मा किसानले उत्पादन गरेका वस्तुहरु संकलन गर्न तथा बजार सम्म पुर्याउनको लागि उक्त सडक सम्पन्न गर्नुपर्ने भएकोले गाउँपालिकाले ५(पाँच) प्रतिशत रकम रु १(एक) करोड गाउँपालिकाले व्यहोर्ने गरि प्रस्ताव माग गरि पठाउने ।

**प्रस्ताव नं ४** एम्वुलेन्स माग सम्वन्धमा ।

**निर्णय नं ४** यस मल्लरानी गाउँपालिका मल्लरानी गाउँपालिका वडा नं ३ स्थित धरमपानी स्वास्थ्य चौकीमा पूर्वी प्यूठान, पश्चिम अर्घाखाँचिका विभिन्न स्थान, ऐरावती गाउँपालिका प्यूठान, भुमिकास्थान नगरपालिका अर्घाखाँची र मल्लरानी गाउँपालिका भित्रका विरामीहरु उपचार गर्न आउने र स्वास्थ्य संस्थामा आकस्मिक सेवा उपलजव्ध गराउँदा विरामिहरुलाई स्वास्थ्य संस्था सम्म ल्याउन र स्वास्थ्य संस्थावाट विभिन्न ठाउँहरुमा पुर्याउनुपर्ने अवस्थामा एम्वुलेन्स नभएका कारण सेवा उपलव्ध गराउन असहजता भएकोले धरमपानी स्वास्थ्य चौकिको नाममा थान १(एक) एम्वुलेन्स उपलव्ध गराउन श्री स्वास्थ्य मन्त्रालय लुम्बिनी प्रदेशमा अनुरोध गर्ने ।

बैठक संख्या: ९

मिति: २०८१/०९/१४ गते,आईतवार

**प्रस्ताव नं ५** विविध विषयहरुमाथि छलफल सम्बन्धमा ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि

**क) योजनाहरु छनौट सम्बन्धमा**

आ व ०८१/८२ मा मल्लरानी गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि तपशील बमोजिमका वडामार्फत सिफारिस भएका योजनाहरु छनौट गरियो ।

| वडा नं | योजनाहरु |
|---|---|
| १ | १)दुल्ले माझपानि,मसिना सालघारी घो.बा<br>२)चुदरिखोला डाडा खजुरे मजुरपाटँ मगरटोला घो बा निर्माण<br>३)वृक्षारोपणका लागि खाडल खन्ने काम<br>४)पिपलनेटा साग्रीखोला घो बा निर्माण<br>५)बन्जाडे बाखापोले सिदुरे नयपधेरा घो बा निर्माण<br>६)लाकुरीरुख घोप्टेभिर घो बा निर्माण |
| २ | १)पँधेरा खोला,मधुगैरा,माझटोल,रातीपोखरी कुँडारा घो बा<br>२)चुँजाठाँटी,चुँजा मो बा नाला निर्माण<br>३)मरभुगं,सिउँते,खरिनडाँडा घो बा निर्माण<br>४)चुँजाठाँटी,खरिनडाँडाँ,सिउँते कुँडारा मो बा नाला निर्माण |
| ३ | १)तेर्सावाटा देखी अम्बरे सम्म,लाटीगैराबाट पोखराछेडा सम्म,रानाटोलाबाट खर्क आउने बाटो गोरेटोवाटो निर्माण, सेतिपोखरी देखी थानेश्वर बोहराको घर जोड्ने मो बा।<br>२)स्यानिपोखरी देखी धनुबाँस जाने मो बा र लाँकुरीबोट देखी पिपलडाँडाँ कृयापुत्री जाने मो बा ढाइटारी देखी भानु मा वी जाने बाटो ।<br>३)विभिन्न खानेपानी मर्मत र उद्यमशील कृषक समुह धनुवाँसको तरकारी खेति कार्यक्रम<br>४)चौरपानीका गोरेटा बाटाहरु स्तरउन्नति |
| ४ | १)शिक्षा समन्वय इकाइ देखि रघुनाथ श्रेष्ठको घरसम्म घो बा<br>२)भट्टाचौर देखि नेवारटोल सम्म तथा आँपघारी देखि भट्टाचौरसम्म घो बा मर्मत<br>३)असारेचौर देखि ठूलाचौतारा सम्म घो बा तथा घर्तिटोल देखि थापाटोलसम्म ठाडो बाटो<br>४)स्वामीडाँडाँ देखि मल्लरानी सम्म घो बा |
| ५ | १)खैरा-खलंगा मो बा नाली मर्मत<br>२) राम्चे पलाँसे गोयलघारी घो बा मर्मत<br>३)टाकुरा दलितबस्ती हिगंखोला घो बा मर्मत<br>४)डाँडापोखरी काइलाबैद्यचौर बाजाबारी वडा कार्यालय कुमिकोट घो बा मर्मत<br>५)बेल्डाँडा पुच्छारा कालीमुनी गदारी पक्की पुल सम्म घो वा मर्मत |

बैठक संख्या: ९
मिति: २०८१/०९/१४ गते,आईतबार

**ख) श्रमिकहरु वडागत रुपमा खटाउने सम्बन्धमा**

आ व ०८१/८२ मा मल्लरानी गाउँपालिका अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि संघीय सशर्त अनुदानबाट प्राप्त बजेट(श्रमिकको ज्याला रकम)को सिमाभित्र रही र वडाबाट प्राप्त फारामको संख्याका आधारमा अनुसूची १ बमोजिमका श्रमिकहरु वडागत रुपले कामका लागि पारिश्रमिक योजना संचालनमा खटाउने निर्णय गरियो ।

| वडा नं | श्रमिकको संख्या |
|---|---|
| १ | १० जना |
| २ | २८ जना |
| ३ | ९ जना |
| ४ | ७ जना |
| ५ | १३ जना |

**निर्णय नं ५** तपसिलका विविध विषयहरु:

- मल्लरानी गाउँपालिका वडा नं १ निवासी टिकाराम दमाई र मिठी परियारको छोरा कृष्णे परियार कामगर्ने शिलशिलामा चेन्नई भारतमा गई हराएको र हाल भेटिएकोले निजलाई घरसम्म ल्याउनको लागि घरको आर्थिक अवस्था कमजोर भएकोले गाउँपालिकाले रु ४० हजार रुपैया आर्थिक सहयोग विपद् व्यवस्थापन कोषवाट उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ निवासी टिका बहादुर गुरुङलाई फोक्सो र कलेजोको उपचारको लागि रु १० हजार आर्थिक सहयोग उपलव्ध गराउने ।
- मल्लरानी गाउँपालिकाको आ व २०८१/०८२ को स्वीकृत कार्यक्रममा वडाहरुमा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौताको लागि तपसिल वमोजिम समय निर्धारण गर्ने । वडाध्यक्ष, योजना शाखा प्रमुख र उपभोक्ता समितिले आवश्यक समन्वय गरी तोकिएको मिति सम्म वडाका योजनाहरु सम्झौता गर्ने व्यवस्था मिलाउने ।योजना सम्झौता पौष २६ गते सम्म अनिवार्य रुपमा गरिसक्नुपर्ने ।
- मल्लरानी गाउँपालिकाको शिक्षा ऐन र दलित ऐन आवश्यक छलफलकोव लागि विधायन समितिमा पेश गर्ने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ कार्यालयमा रहेको सटर भाडामा दिन ७ दिनको सूचना प्रकाशन गर्ने ।

बैठक संख्या: ९

मिति: २०८१/०९/१४ गते,आईतवार

- यस मल्लरानी गाउँपालिका वडा नं ४ मा खानेपानी व्यवस्थापन सम्वन्धमा मल्लरानी गाउँपालिका, भुपु सैनिक खा.पा.उ.स, मुलागैरा खा.पा.उ.स र झिमरुक मल्लरानी लिफ्ट खा.पा. विच बैठक मिति २०८१ पौष १७ गते बस्ने ।
- नेपाल कम्युनिष्ट पार्टी एकिकृत समाजवादी लाई जिल्ला अधिवेशनको लागि रु ५ हजार सहयोग उपलब्ध गराउने ।
- युवा हित मन्च लाई युवा आवाजमा सूचना प्रकाशन वापत रु ५ हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- आ.व २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रममा पशुसेवा शाखा तर्फ संचालन हुने पशु स्वास्थ्य शिविर कार्यक्रम वडा नं ५ को जोरपोखरिमा मिति २०८१ माघ ७ गते गर्ने ।
- मल्लरानी गाउँपालिका वडा नं ५ स्थित धुँदी पानीघाट मोटरवाटोमा पहिरो गई सवारी आवतजावतमा समस्या भएकोले उक्त मोटरवाटो मर्मतको लागि प्राविधिक ईस्टिमेट वमोजिम १ लाख ४ हजार पाँच सय रुपैयाँ विपद व्यवस्थापन कोषवाट व्यवस्थापन गर्ने गरी प्रकृया अगाडी वढाउने ।
- मल्लरानी गाउँपालिका वडा नं ४ स्थित भाँडखोलामा पहिरोको कारण खेतियोग्य जमिनमा क्षति भएकोले पहिलो नियन्त्रणका लागि ग्याविनजाली व्यवस्थापन गर्न विपद् व्यवस्थापन कोषवाट रु १ लाख ७१ हजार रुपैयाँ व्यवस्थापन गर्ने ।

CamScanner